मार्मा गाउँपालिका राजपत्र

खण्डः५ संख्याः४ मितिः २०७८/१२/३०

भागः २

# मार्मा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७८

## मार्मा गाउँपालिका

## लटिनाथ दार्चुला

## सुदूरपश्चिम प्रदेश,नेपाल

## मार्मा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७९

शिक्षा सार्वजनिक सरोकारको विषय हो। माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र समावेश गरिएको छ। शिक्षालाई अनिवार्य तथा निःशुल्क, गुणस्तरीय समयानुकूल र सर्वसाधारण जनताको पहुँच सम्म पुर्याउन विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन। शिक्षालाई गुणस्तरीय, जनमुखी, अनिवार्य तथा निःशुल्क बनाई राष्ट्रीय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता पुरा गर्नु शिक्षाको साझा सरोकारका विषय हुन्। मार्मा गाउँपालिका भित्रको शिक्षामा विपन्न, असहाय, द्वन्द्वपीडित, टुहुरा र जेहन्दार विद्यार्थीहरूलाई दिई तिनिहरूको सिकाइ निरन्तरता र सिकाइमा थप सहुलियतता प्रदान गर्न र शिक्षाको गुणस्तर सुधार गर्न वाञ्चनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मार्मा गाउँ कार्यपालिकाले यो निर्देशिका तयार पारी लागु गरेको छ।

### परिच्छेद — १
### प्रारम्भिक

**१.१ सङ्क्षिप्त नाम विस्तार र प्रारम्भ**

१.१.१ यो निर्देशिकाको नाम “मार्मा गाउँपालिकाको एकिकृत छात्रवृत्ती व्यवस्थापन निर्देशिका , २०७९” रहेको छ।

१.१.२ यो निर्देशिका मार्मा गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

१.१.३ यो निर्देशिका मार्मा गाउँपालिकाभरिका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको हकमा लागु हुनेछ।

**१.२ परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारकबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा मार्मा गाउँपालिकाबाट नियमित रुपमा अनुदान प्राप्त गर्ने विद्यालय सम्झनु पर्छ ।

ख) "अभिभावक" भन्नाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीका आमा ,बुवा वा संरक्षक व्याक्तिलाई सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले मार्मा गाउँपालिकालाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले मार्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ङ) "गाउँ कार्यपालिका" भन्नले मार्मा गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मार्मा गाउँकार्यपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अननुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका विद्यालय सम्झिनु पर्छ ।

ज) "स्वयमसेवक" भन्नाले मार्मा गाउँपालिकाको शैक्षिक क्षेत्र सुधार कार्यविधि २०७९ बमोजिम नियुक्त शिक्षण स्वयमसेवक सम्झनु पर्छ ।

झ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्ने विद्यालयको प्रधानाध्यपकलाई सम्झनु पर्छ ।

ञ) "व्यवस्थापन समिति" भन्नाले प्रत्येक विद्यालयमा गठन हुने बिद्यालय व्यवस्थापन समिति सम्झिनु पर्छ।

ट) "शिक्षा शाखा" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

ठ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ड) "शिक्षा ऐन" भन्नाले मार्मा गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७६ सम्झनु पर्छ ।

ढ) "शिक्षा नियमावली" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा निमावली २०७७ सम्झनु पर्छ ।

ण) "गाउँ शिक्षा समिति" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ ।

त) "छात्रवृत्ति" भन्नाले मार्मा गाउँपालिकाद्वारा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्रदान गरिने नगद रकम, पोसाक, स्टेसनरी, सैक्षिक सामग्री, प्रोत्साहन लगायतका अन्य सुविधालाई समेत जनाउनेछ ।

## परिच्छेदः २
## निर्देशिकाको उद्देश्य

**२. निर्देशिकाको उद्देश्यहरू देहाय बमोजिम छनः**

२.१ छात्रवृत्ति वितरणका लागि स्पष्ट आधारहरू तोकि छत्रवृत्ती वितरणलाई पारदर्शी बनाउने,

२.२ छात्रबृत्तिबापतको रकमलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी सदुपयोग गर्ने,

२.३ छात्रवृत्ति व्यवस्थापन तथा वितरणमा संलग्न हुने विभिन्न संस्था तथा पदाधिकारीहरूको भूमिका तथा जवाफदेहिता स्पष्ट गर्ने।

## परिच्छेद - ३
## छात्रवृत्ती सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३.१ गाउँपालिकामा छात्रवृत्ती व्यवस्थापन तथा निर्देशक समिति**

मार्मा गाउँपालिका मातहतका विद्यालय र विद्यार्थीका लागि वितरण गरिने छात्रवृत्ती सम्बन्धमा व्यवस्था गर्न देहाय बमोजिमको समिति रहने छः

गाउँपालिका अध्यक्ष - अध्यक्ष
सामाजिक विकास समितिको अध्यक्ष - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य
महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य
शिक्षक महासंघ अध्यक्ष — सदस्य
अपाङ्ग, विपन्न, द्वन्द्व पीडितमध्ये समितिले मनोनित गरेका एक जना - सदस्य
गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य सचिव

३.१.१ बैठक सम्बन्धी कार्यविधी समिति आफैले तोक्ने छ।

३.१.२ समितिको बैठक कम्तिमा तिन महिनामा एक पटक बस्ने छ।

३.१.३ समितिले छत्रवृत्ति वितरण प्रयोजनका लागि बैठक बोलाउँदा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्न सक्ने छ।

क) समितिको काम, कर्तव्य र अधिकार

ख) विभिन्न विद्यालयहरू मार्फत प्रदान गरिने छात्रवृत्ति कार्यक्रमहरूको विचमा समन्वय गर्ने,

ग) विभिन्न किसिमको छात्रवृत्ति वितरणका लागि नर्म्स बनाइ स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,
घ) छात्रवृत्ति व्यवस्थापन र वितरणमा विद्यालयहरूलाई आवश्यक निर्देशन दिने,
घ) छात्रवृत्ति व्यवस्थपनमा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरूको खोजि गर्ने,
घ) छात्रवृत्ति व्यवस्थापन र वितरण प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक उपायहरूको खोजि र कार्यान्वयन गर्ने।

**३.२ विद्यालय तहमा छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति**

प्रत्येक विद्यालय मार्फत प्रदान गरिने छात्रवृत्ती व्यवस्थित तरिकाले वितरण गर्न देहाय बमोजिमका सदस्य रहेको एक छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति रहने छः

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष — अध्यक्ष
सम्बन्धित वडाको अध्यक्ष - सदस्य
महिला शिक्षक एक जना — सदस्य
दलित, टुहुरा, साहारा विहिन, अपाङ्ग, विपन्न, द्वन्दपीडित मध्ये एक जना छात्र र तिन जना छात्रा - सदस्य
विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**३.४ विद्यालय तहमा छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकार**

३.४.१ छात्रवृत्ति उपलब्ध गराउनु पर्ने विद्यार्थीको आवेदन सङ्कलन, आवेदन उपर छानविन, रुजु र प्रमाणीकरण गरी गाउँपालिकामा पेश गर्ने,
३.४.२ गाउँपालिकासँग छात्रवृत्ति माग गर्न पालिका तथा विभिन्न दातृ निकायसँग पहल गर्ने,
३.४.३ प्राप्त भएको छात्रवृत्ति सम्बन्धित विद्यार्थीहरूलाई बैङ्क खातामार्फत उपलब्ध गराउने,
३.४.४ छात्रवृत्ति वितरण सम्बन्धी प्रतिवेदन शाखामा पेश गर्ने।

## परिच्छेद ४

## छात्रवृत्तिका प्रकारहरू

**४.१ गाउँपालिकाबाट वितरण गरिने छात्रवृत्ति देहाय बमोजिमका हुने छनः**

**४.१.१ दलित छात्रवृत्तिः** नेपाल सरकारद्वारा घोषित दलित जातजातिका सूचीमा सूचीकृत विद्यालय तहमा अध्ययनरत छात्रछात्रा ।

**५.१.२ अपाङ्ग छात्रवृत्तिः** शारीरिक रूपमा अपाङ्ग र आर्थिक सहायता आवश्यक पर्ने विद्यार्थीहरू।

**४.१.३ माध्यमिक शिक्षा छात्रवृत्तिः** गरिब, जेहेन्दार, सुविधाविहीन, अल्पसङ्ख्यक समुदायका बालबालिका ।

**४.१.४ सहिदका छोराछोरीका लागि छात्रवृत्तिः** नेपाल सरकार गृह मन्त्रालयद्वारा सहिद घोषणा गरिएका व्यक्तिका विद्यालयमा अध्ययनरत सन्ततिहरू ।

**४.१.५ द्वद्वपीडित छात्रवृत्तिः** द्वन्द्वको अवधिमा द्वन्द्वको कारण मृत्यु भएका, द्वन्द्वको क्रममा अपाङ्ग भएका व्यक्तिका विद्यालय तहमा अध्ययनरत बालबालिकाहरू ।

**४.१.६ विपन्न लक्षित छात्रवृत्तिः** वार्षिक ५ महिना भन्दा कम खान पुग्ने र रु. ५०,००० भन्दा कम आय भएका परिवारका बालबालिकाहरुलाई उपलब्ध गराइने छ।

**४.१.७ विज्ञान छात्रवृत्तिः** कक्षा ११ र १२ मा विज्ञान विषय पढ्ने मेधावी विद्यार्थीलाई दिइने छ।

**४.१.८ प्राविधिक शिक्षा छात्रवृत्तिः** प्राविधिक उच्च शिक्षा आर्जन गर्ने विद्यार्थीलाई दिइने प्रविधिक सहयोग स्वरुप छत्रवृत्ति उपलब्ध गराइने छ।

**४.१.९ जेहेन्दार छात्रवृतिः** कक्षा १० उत्तिर्ण पश्चात उत्कृष्ट नतिजाको आधारमा जेहेन्दार छात्रवृति उपलब्ध गराइने छ।

**४.१.१० चिकित्सासास्त्र छात्रवृतिः** मार्मा गाउँपालिकाको सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी नेपाल सरकारको मान्यता प्राप्त विश्व विद्यालयबाट चिकित्सा सास्त्र अध्ययनको लागि प्रवेश परीक्षा उत्तीर्ण गरेको विद्यार्थीलाइ चिकित्सासास्त्र छात्रवृति उपलब्ध गराइने छ।

## परिच्छेद ५
## विद्यार्थी छनौट प्रकृया

**५.१ छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमका प्रक्रिया पुरा गर्नु पर्ने छः**

क) मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले छात्रवृत्रिको किसिम खुलाई १५ (पन्ध्र ) दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

ख) सम्बन्धित विद्यार्थी वा अभिभावकले तोकिएका आवश्यक प्रमाणसहित निवेदन दिनुपर्ने छ।

ग) अघिल्लो कक्षामा ८० प्रतिशत हाजिर भएको हुनुपर्ने छ।

घ) हालको कक्षामा यस अघि छात्रवृत्ति पाएको हुनु हुने छैन ।

ङ) जुनसुकै छात्रबृत्तिकोलागि पनि विपन्नलाई मुख्य आधार बनाइने छ।

च) जेहन्दार छात्रवृत्तिको लागि सिकाइ उपलब्धिलाई मुख्य आधार बनाउनु पर्नेछ।

छ) प्राबिधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको हकमा स्थानीय मार्मा गाउँपालिकाको स्थायी बासिन्दा भै गाउँपालिका भित्रका सामुदायिक बिद्यालयमा (कक्षा ६ देखि कक्षा १० सम्म) अध्ययन गरि प्राविधिक शिक्षा हासिल गर्न प्रवेश परिक्षा उतिर्ण गरेको हुनु पर्ने छ |

ज) चिकित्सासास्त्र छात्रवृतिको लागि चिकित्सासास्त्र अध्ययन गर्ने विद्यार्थीले मार्मा गाउँपालिकाको स्थायी बासिन्दा भई मार्मा गाउँपालिकाको सामुदायिक विद्यालय (कक्षा ६ देखि कक्षा १० सम्म )मा अध्ययन गरेको र निज विद्यार्थीले नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयले लिने चिकित्सासास्त्र सम्बन्धी प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

## परिच्छेद ६
## विविध

**६.१ अनुगमनः** छात्रवृत्ति वितरण सम्बन्धमा आवश्यकतानुसार शिक्षा शाखाले अनुगमन गर्ने छ। अनुगमनका क्रममा छात्रवृत्ति माग, वितरण र प्रतिवेदनलाई आधार बनाइने छन्।

**६.२ छात्रवृत्तिको रकम अन्य शीर्षकमा खर्च गर्न नपाइनेः** विद्यार्थीलाई छात्रवृत्ति दिने प्रयोजनको लागि गाउँपालिकाले निकासा दिएको रकम

माग गरेको कोटाको आधारमा सम्बन्धित छात्रवृत्ति शीर्षकमा मात्र खर्च गर्नु पर्ने छ।

**६.३ छात्रवृत्तिको रकमः** छात्रवृत्तिको लागि दिइने रकम अनुसूचि - २ बमोजिम हुने छ।

**६.४ प्रधानाध्यापक जवाफदेही हुनेः** मार्मा गाउँपालिकाले छात्रवृत्ति वापत निकासा दिएको रकम १५ दिनभित्र सम्बन्धित विद्यार्थीलाई भुक्तानी दिएको भर्पाइ सहितको प्रतिवेदन शिक्षा शाखामा पेश नगरे सम्बन्धित विद्यालयको प्रधानाध्यापक जवाफदेही हुनेछ।

**६.५ छात्रवृत्तिको रकम दोहोरो नहुनेः** गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्तिको रकम दोहोरो पर्ने गरी वितरण गर्न पाइने छैन।

**अनुसूची — १**

**निवेदनको ढांचा**

**श्री..................................**

**मितिः.........................**

**मार्मा गाउँपालिकाको कार्यालय**

**लटिनाथ, दार्चुला**

**बिषयः छात्रवृत्ति उपलब्ध गराई पाउ भन्ने बारे ।**

महोदय,

सविनय नम्र निबेदन प्रस्तुत गर्नाको व्यहोरा यो छ कि मार्मा गाउँपालिकाद्वारा मिति .........................मा प्रकाशित सुचना अनुसार ......................................................शिक्षा अध्ययन गर्न म मार्मा गाउँ पालिका वडा नं.................... बस्ने ...........................................को छोरा .......................उक्त सुचना अनुसार मेरो योग्यता उपयुक्त रहेको र मेरो पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले ...........................................अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराई पाउ भनि अनुरोध गर्दछु । साथै आवश्यक कागजात संलग्न गरेको छु ।

**निवेदक**

नाम थर.........................

दस्तखत.........................

ठेगाना.................

सम्पर्क नं.....................

## अनुसूची-२

## छात्रवृत्ति र रकम

| क्र. स. | छात्रवृत्तिको किसिम प्रकार | छात्रवृत्ति दिइने रकम | कैफियत |
|---|---|---|---|
| १ | दलित छात्रवृत्ति | ५,००० | कक्षा १० उत्तिर्ण पश्चात प्रत्येक वर्षको वार्षिक परिक्षाको सफल नतिजाको आधारमा |
| २ | अपाङ्ग छात्रवृत्ति | ५,००० | कक्षा १० उत्तिर्ण पश्चात प्रत्येक वर्षको वार्षिक परिक्षाको सफल नतिजाको आधारमा |
| ३ | विपन्न लक्षित छात्रवृत्ति | ५००० | कक्षा १० उत्तिर्ण पश्चात प्रत्येक वर्षको वार्षिक परिक्षाको सफल नतिजाको आधारमा |
| ४ | विज्ञान विषय अध्ययन छात्रवृत्ति | १५,००० | कक्षा १० उत्तिर्ण पश्चात प्रत्येक वर्षको वार्षिक परिक्षाको सफल नतिजाको आधारमा |
| ५ | जेहन्दार छात्रवृत्ति | १५,००० | कक्षा १० उत्तिर्ण पश्चात प्रत्येक वर्षको वार्षिक परिक्षामा उत्कृष्ठ नतिजाको आधारमा |
| ६ | प्राविधिक शिक्षा छात्रवृत्ति | १५,००० | कक्षा १० उत्तिर्ण पश्चात प्रत्येक वर्षको वार्षिक परिक्षाको |

| | | | |
|---|---|---|---|
| | | | सफल नतिजाको आधारमा |
| ७ | माध्यमिक शिक्षा कक्षा ९ -१० छात्रवृत्ति | ३००० | अघिल्लो वर्षको नतिजाको आधारमा |
| ८ | सहिद परिवारका सन्तति छात्रवृत्ति | ५,००० | १८ वर्ष पुरा नहुन्जेलसम्म |
| ९ | द्वन्द्वपीडित छात्रवृत्ति | ५,००० | १८ वर्ष पुरा नहुन्जेल सम्म |
| १ | चिकित्सा शास्त्र छात्रवृत्ति | १०,००,०००।०० | पढाइ अवधिभर एक चोटी मात्र |

## अनुसूची–३
## (परिच्छेद ५ को ५.१(च) सँग सम्बन्धित) कबुलियतनामा

**श्री** ........................... को नाति/नातिनी श्री ..........................को छोरा/छोरी जिल्ला.................................गाउपाँलिका/न.पा..................... ....वडा नं.................. मा स्थायी बसोबास भएको मिति........................ मा जन्मेको म ............................ गाउँपालिकाबाट.........................................विषयमा अध्ययन/तालिमका लागि............................. संस्था/देशमा निशुल्क/आंशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पुरा हुनासाथ गाउँ पालिकाको निर्णय बमोजिम पालिका भित्र गर्नु पर्ने सेवा निश्चित अवधि (न्युनतम १ बर्ष)सम्म गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वाफत पाएको आर्थिक सुविधा र अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरको अन्य खर्च बापतको रकम समेत बुझाउनछे छु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी

सरह असुल गरेमा मेरो मन्जुरी भएकोले सो बमोजिम कबुलीयतनामा गरी ................................... माफर्त गाउँपालिकामा बुझाए ।

ल्याप्चे सहीछाप
छात्रवृत्ति पाउनेको नाम
सहीः
सम्पर्क ठेगानाः
टेलिफोन नम्बरः
मितिः

**नोटः १. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।**
**२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।**

## अनुसूची – ४
## (परिच्छेद ५ को ५.१(च) सँग सम्बन्धित) प्रतिबेदन)

**श्री मार्मा गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**लटिनाथ, दार्चुला ।**

**विषयः प्रतिवदेन पेश गरेको ।**

.............................., .................................. बाट छात्रवृत्तिमा छनौट भई................................ सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं./सन् .............. मा.................... विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन/तालिम सम्पन्न गरि निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको, सहीः
नामः
ठेगानाः
मितिः

### उल्लेख गर्नु पर्ने विवरण

(क) अध्ययन वा तालीमको विषयः
(ख) अध्ययन वा तालीम दिएको संस्थाको नाम र ठेगानाः
(ग) अध्ययन वा तालीममा गएको स्थानः
(घ) हासिल गरको शैक्षिक योग्यता वा तालीमः
(ङ) अध्यय वा तालीम समाप्त भएको मितिः
(च) विदेशमा अध्ययन वा तालीममा गएको भए नेपाल आइपुगेको मितिः
(छ) अध्ययन वा तालीम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रमः (आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एक प्रति संलग्न हुनु पर्ने
(ज) अध्ययन वा तालीम लिंदा आई परेका समस्याहरुः
(झ) अध्ययन वा तालीम लिंदा भएको खर्चः
(ञ) हवाई टिकट खर्च (हवाई मार्ग प्रयोग गरेको भए टिकट मूल्य)
(१) जाँदाः
(२) फर्कदाः
(ट) हवाई मार्ग प्रयोग नगरी अन्य कुनै साधन प्रयोग गरेको भए सो वापत लागेको खर्च
(१) जाँदाः (२) फर्कदाः

(ठ) अध्ययन वा तालीम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरको भए सो को विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेः
(ड) अध्ययन अवधिमा विषय परिवर्तन गरे नगरेको (यदि गरेको भए पूरा विवरण उल्लेख गर्ने ।

आज्ञाले
राम कुमार राना
निमित्त प्रमुख प्रशासकीय अधिकृत